बैठक नं. २

आ.व. २०८२/०८३

आज मिति २०८२/४/१५ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिल:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता वि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | सुमनराज रेग्मी | ब.लेखा अधिकृत | |
| ३ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ४ | माधव प्रसाद देवकोटा | ईन्जिनियर | |
| ५ | विवेक पोखरेल | ईन्जिनियर | |
| ६ | विकास नरसिंह राणा | स. प्रशासकीय अधिकृत | |
| ७ | नरेश गुरुङ | सूचना प्रविधि शाखा | |
| ८ | प्रेम बहादुर स्याङ्तन | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

दोश्रो कार्यपालिका बैठक

आ.व.२०८२/०८३

मितिः२०८२/४/१५

समयः दिउसो ४:०० बजे

स्थानः नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१. समीक्षा सम्वन्धमा।

२. मध्यवर्ती क्षेत्र सम्वन्धमा ।

३. विविध।

क. फोहरमैला व्यवस्थापनमा उत्कृष्ट टोल विकास संस्थालाई प्रोत्साहन कार्यविधि, २०८२ स्वीकृति सम्वन्धमा।

ख. चिस्यान केन्द्रका लागि स्थान छनौट सम्वन्धमा।

ग. चिस्यान केन्द्रको लागत सहभागिता सम्वन्धमा।

निर्णयहरुः

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समिक्षा गरियो।

२. रास्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ अनुसार मध्यवर्ती क्षेत्रको सिमाङ्कन भई यस नगरपालिका क्षेत्र अन्तर्गत मध्यवर्ती क्षेत्र विभाजन भई गठन भएका मध्यवर्ती उपभोक्ता समितिहरुको कार्य क्षेत्र अन्तर्गत बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुको जग्गा नापजाँचमा अवरोध, गिरुवारी र अरुणखोलाको आन्तरिक आय संकलन सम्बन्धी खोलाको साँध सिमाना विवाद, मध्यवर्ती क्षेत्रभित्र बसोवास गर्ने नागरिकहरुको व्यापार, व्यवसाय, उधोग, कलकारखाना स्थापना तथा संचालन लगायत नगरपालिका र अन्य साझेदारहरुबाट गरिने विकास निर्माणका कार्यहरुमा झन्झटिलो प्रक्रियामुखी र अवरोध सृजना हुन गई आम नागरिकहरुको जीविकोपार्जन लगायत स्थानीय सरकारबाट सम्पादन हुने विकास निर्माणका कार्यहरुमा तत् तत् निकायबाट सहकार्य, समन्वय नभई एकलौटी ढंगबाट कार्य सम्पादन भई आम नागरिकहरुको नेपालको संविधानले प्रद्धत गरेको मौलिक हक कुण्ठित हुन गएको साथै स्थानीय सरकारको कार्यक्षेत्र र अधिकारमा समेत बाधा अड्चन पुग्न गएकोले उल्लिखित समस्याहरुको तत् तत् निकाय र

सरोकारवालाहरुसंग बृहत छलफल र अन्तर्किया गरी समस्या समाधान नभए सम्मका लागि यस नगरपालिका क्षेत्र भित्रका नन्दभाउजु मध्यवर्ती उपभोक्ता समिति, गोसाईबाबा मध्यवर्ती उपभोक्ता समिति, ठुलो पोखरा मध्यवर्ती उपभोक्ता समिति लगायत अन्य सबै मध्यवर्ती उपभोक्ता समितिका निर्वाचनका सम्पूर्ण प्रक्रियाहरु स्थगन गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने।

३. विविध प्रस्तावहरुमाथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

क. मध्यविन्दु नगरपालिका भित्र उत्सर्जन र उत्पादन हुने फोहरमैला न्यूनीकरण गर्दै स्वच्छ तथा स्वस्थ बातावरण कायम गर्नुका साथै सरसफाई शुल्क संकलनमा सक्रिय, प्रभावकारी एवं उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई प्रोत्साहन र उत्प्रेरित गरी समुदायस्तर बाटै फोहरमैला व्यवस्थापन कार्य प्रभावपुर्ण बनाउने उद्देश्यले तयार गरिएको फोहरमैला व्यवस्थापनमा उत्कृष्ट टोल विकास संस्थालाई प्रोत्साहन कार्यविधि, २०८२ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

ख. भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects HICDPS) का लागि छनौट भएको चिस्यान केन्द्र निर्माणका लागि यस नगरपालिकाको वडा नं. २ साविक कोल्हुवा ३ ग कोल्हुवा हेल्थ पोष्टको नाममा रहेको कि. न. १०२ क्षेत्रफल २-३-३-० को जग्गाको पश्चिमपट्टि रहेको खाली जग्गामा निर्माण गर्ने।

ग. भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects HICDPS) का लागि छनौट भएको चिस्यान केन्द्र निर्माणका लागि स्वीकृत बजेटको न्यूनतम् १० प्रतिशत रकम र परिमार्जित विस्तृत अध्ययन प्रतिवेदन बमोजिमको थप रकम समेत आ. ब. २०८२/ ८३ को नगरसभावाट स्वीकृत समपुरक अन्य शीर्षकबाट व्यहोर्ने।